## पृष्ठभूमिः

नेपालको संविधानको धारा ५६ को उपधारा (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा रहने व्यवस्था छ। शक्ति पृथकीकरणको सिद्धान्तबमोजिम राज्यका तीन अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामध्ये व्यवस्थापिका एक महत्वपूर्ण अङ्ग हो। कर्णाली प्रदेशमा व्यवस्थापिकीय अङ्गको रूपमा प्रदेश सभा रहेको छ। यसको प्रमुख कार्य संवैधानिक व्यवस्थाबमोजिम प्रदेशमा कानून निर्माण गर्ने हो। यसका अतिरिक्त प्रदेश सरकारलाई जनता र प्रदेश सभाप्रति उत्तरदायी बनाउनु व्यवस्थापिकाको अभिन्न कार्यको रूपमा लिइन्छ। जनताबाट चुनिएर आएका जनप्रतिनिधिहरूको मूल दायित्व कानून निर्माण गर्नु हो भने यसका साथसाथै समाज, जनता र देशको समृद्धिको लागि समेत आवश्यक कार्य गर्नु जनप्रतिनिधिको कर्तव्य मानिन्छ।

## प्रदेश सभाः

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश सभाको गठन पहिलो हुने निर्वाचित र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यबाट हुने प्रावधान छ। संविधानको अनुसूची-४ बमोजिम उल्लेखित १० जिल्ला (सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रुकुम (पश्चिम), कालिकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पा)का पहिलो हुने निर्वाचनबाट निर्वाचित २४ जना रसमानुपातिकबाट १६ जना गरी जम्मा ४० जना माननीय सदस्यहरू सम्मिलित यस कर्णाली प्रदेश सभाको गठन भएको छ। जसमा नेपाल कम्युनिष्ट पार्टीबाट ३३, नेपाली काँग्रेसबाट ६ र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट १ जना गरी जम्मा ४० जना माननीय सदस्यहरूको प्रतिनिधित्व रहेको छ।

कर्णाली प्रदेश सभाका सभामुखमा माननीय राजबहादुर शाही, उपसभामुखमा माननीय पुष्पा घर्ती (बिष्ट), प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलको संसदीय दलका नेतामा माननीय महेन्द्रबहादुर शाही, प्रदेश सभामा सत्ता पक्ष दलका प्रमुख सचेतक माननीय सीताकुमारी नेपाली र सचेतक माननीय कुर्मराज शाही, प्रदेश सभामा प्रमुख विपक्षी दल (नेपाली काँग्रेस)का नेतामा माननीय जीवनबहादुर शाही र सचेतकमा माननीय हिमबहादुर शाही रहनु भएको छ। प्रदेश सभाको प्रथम अधिवेशनको पहिलो बैठक २०७४ साल माघ २१ गते बसेको थियो।

## प्रदेश सभाका प्रमुख कार्यहरूः

- कानून निर्माण गर्नु,
- जनताको प्रतिनिधित्व गर्नु,
- सरकारका काम कारबाहीको निगरानी गर्नु ।

### प्रदेश सभामा दलगत उपस्थिति

| दलको नाम | सदस्य संख्या | | कूल |
|---|---|---|---|
| | प्रत्यक्ष | समानुपातिक | जम्मा |
| १.नेपाल कम्युनिष्ट पार्टी | २३ | १० | ३३ |
| २.नेपाली कांग्रेस | १ | ५ | ६ |
| ३.राष्ट्रिय प्रजातन्त्र पार्टी | ० | १ | १ |
| जम्मा | २४ | १६ | ४० |

### प्रदेश सभामा लिङ्गगत उपस्थिति

| दलको नाम | सदस्य संख्या | | कूल |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| १.नेपाल कम्युनिष्ट पार्टी | १० | २३ | ३३ |
| २.नेपाली कांग्रेस | २ | ४ | ६ |
| ३.राष्ट्रिय प्रजातन्त्र पार्टी | १ | ० | १ |
| जम्मा | १३ | २७ | ४० |

## प्रदेश सभाको अधिवेशनको आव्हान् र अन्त्यः

नेपालको संविधानको धारा १८३ बमोजिम प्रदेश सभाको अधिवेशनको आव्हान् प्रदेश प्रमुखले प्रदेश सभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले बीस दिनभित्र गर्ने र त्यसपछि यस संविधानबमोजिम प्रदेश प्रमुखले समय-समयमा अन्य अधिवेशन आव्हान् गर्नेतर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि छ महिनाभन्दा बढी हुनु हुँदैन।

साथै प्रदेश प्रमुखले प्रदेश सभाको अधिवेशनको अन्त्य गर्न सक्ने र प्रदेश प्रमुखले प्रदेश सभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले लिखित अनुरोध गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोक्न सक्ने र त्यसरी तोकिएको मिति र समयमा प्रदेश सभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्नेछ।

## प्रदेश सभाका समितिहरूः

नेपालको संविधानको धारा १९३ बमोजिम प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले नियमावलीबमोजिम निम्नानुसारका समितिहरू गठन गरिएको छ।

### अर्थ तथा प्राकृतिक स्रोत समिति

अर्थ तथा प्राकृतिक स्रोत समितिको क्षेत्रभित्र निम्नबमोजिमका निकायहरू पर्दछन्:

- आर्थिक मामिला तथा योजना मन्त्रालय,
- भौतिक पूर्वाधार विकास मन्त्रालय,
- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय।

#### समितिले गरेका प्रमुख कार्यहरूः

- सार्वजनिक र निजी क्षेत्रको साझेदारीसम्बन्धी विधेयक र कर्णाली प्रदेशको वातावरण संरक्षणसम्बन्धी विधेयकसमितिबाट पारित भएको ।
- दैलेख र जाजरकोट जिल्लामा अनुगमन गरी विभागीय मन्त्री, सचिव समेतलाई बोलाई निर्देशन दिने कार्य गरिएको।

### विधायन तथा प्रदेश मामिला समिति

विधायन तथा प्रदेश मामिला समितिको क्षेत्रभित्र निम्नबमोजिमका मन्त्रालयहरू र सो अन्तर्गतका विभाग तथा कार्यहरू पर्दछन्:

- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य निकायहरू,
- आन्तरिक मामिला तथा कानून मन्त्रालय,
- प्रदेश लोक सेवा आयोग।

#### समितिले गरेका प्रमुख कार्यहरूः

- समितिले ९ वटा विधेयक पारित गरेको,
- विभिन्न मन्त्रालयहरूले बनाएका नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डहरूमा अध्ययन गरी सरकारलाई निर्देशन दिएको।

### सामाजिक विकास समिति

सामाजिक विकास समितिको क्षेत्रभित्र निम्नबमोजिमका निकायहरू पर्दछन्:

- सामाजिक विकास मन्त्रालय,
- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
- श्रम, सामाजिक न्याय र मानव अधिकारसम्बन्धी।

#### समितिले गरेका प्रमुख कार्यहरूः

- समितिले ६ वटा विधेयक पारित गरेको,

- मुगु, जुम्ला र सुर्खेत जिल्लामा विभिन्न कार्यक्रमहरूको अनुगमन गरेको र विधेयकमाथि जनपरामर्श र सुझाव संकलन गरेको,
- लैंगिक हिंसाविरुद्ध १६ दिने अभियानअन्तर्गत सरोकारवालाहरूसँग छलफल गरेको,
- सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई कोभिड-१९ले पारेको प्रभाव र नियन्त्रणको लागि लिखित सुझाव दिएको।

### सार्वजनिक लेखा समिति

सार्वजनिक लेखा समितिको क्षेत्रभित्र निम्नबमोजिमका निकायहरू पर्दछन्:

- प्रदेश लोक सेवा आयोग र प्रदेश मानव अधिकार आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिवेदन,
- सार्वजनिक लेखा तथा प्रदेशलेखा नियन्त्रक कार्यालयको प्रतिवेदन,
- बेरुजु फछ्यौंटसम्बन्धी।

### समितिले गरेका प्रमुख कार्यहरू:

- रारा पर्यटन महोत्सवको खर्चसम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरेको,
- रकमान्तरसम्बन्धी अध्ययन गरी सरकारलाई निर्देशन दिएको।

### समितिको संरचना:

सभामुखद्वारा मनोनयन भएका माननीय सदस्यहरू र सदस्यहरूले आफूमध्ये छानेको अध्यक्षबाट समिति गठन हुन्छ । सदस्यहरूको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, विभिन्न जातजाति, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदायसमेतको प्रतिनिधित्व गराउनु पर्ने प्रावधान प्रदेश सभा नियमावली, २०७४ ले गरेको छ ।

| क्र.सं. | समितिको नाम | अध्यक्षको नाम | सदस्य संख्या |
|---|---|---|---|
| १ | अर्थ तथा प्राकृतिक स्रोत समिति | मा. गणेशप्रसाद सिंह | ८ जना |
| २ | विधायन तथा प्रदेश मामिला समिति | मा. दानसिंह परियार | ७ जना |
| ३ | सामाजिक विकास समिति | मा. देवी ओली | ८ जना |
| ४ | सार्वजनिक लेखा समिति | मा. दीनबन्धु श्रेष्ठ | ९ जना |

### समितिको हालसम्मको बैठकको विवरण:

| क्र.सं. | समितिको नाम | बैठक संख्या |
|---|---|---|
| १ | अर्थ तथा प्राकृतिक स्रोत समिति | ७१ वटा |
| २ | विधायन तथा प्रदेश मामिला समिति | ३२ वटा |
| ३ | सामाजिक विकास समिति | ८० वटा |
| ४ | सार्वजनिक लेखा समिति | ५१ वटा |

### प्रदेश सभाका विधेयकहरूको अवस्था :

- हालसम्म दर्ता भएका विधेयकको संख्या: ५१
- प्रदेश प्रमुखबाट प्रमाणीकरण भएर आएको विधेयकको संख्या: ३६
- सभाबाट विषयगत समितिमा पठाएको विधेयकको संख्या: ७
- प्रदेश सभामा दर्ता भई टेवुल हुन बाँकी विधेयकको संख्या: ७
- फिर्ता विधेयकको संख्या : १

### प्रदेश सभाको बैठक बसेको मिति, प्रारम्भ र अन्त्यसम्बन्धी विवरण

| अधिवेशन | प्रारम्भ | अन्त्य | बैठक संख्या | समय |
|---|---|---|---|---|
| पहिलो अधिवेशन | २०७४-१०-२१ | २०७५-०१-१८ | २२ | २६:२९:३३ |
| दोश्रो अधिवेशन | २०७५-०२-११ | २०७५-०७-१८ | ४१ | ४९:१६:५३ |
| तेश्रो अधिवेशन | २०७५-११-१५ | २०७५-१२-२७ | १३ | १६:३९:३० |
| चौंथो अधिवेशन | २०७६-०२-१० | २०७६-०६-१० | ३३ | ५४:०५:१३ |
| पाँचौ अधिवेशन | २०७६-१०-२४ | २०७७-०१-०५ | ७ | १०:३५:३२ |
| छैठौं अधिवेशन | २०७७-०२-११ | २०७७-०७-०९ | २९ | ४८:१०:४२ |

### प्रदेश सभाको सचिव र सचिवालयसम्बन्धी व्यवस्थाहरू:

नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश प्रमुखले प्रदेश सभामुखको सिफारिसमा प्रदेश सभाको सचिव नियुक्त गर्ने र प्रदेश सभाको काम कारवाही सञ्चालन तथा व्यवस्थापन गर्नका लागि एक सचिवालय रहने व्यवस्था रहेको छ। त्यस्तो सचिवालयको स्थापना र तत्सम्बन्धी अन्य व्यवस्थाका साथै प्रदेश सभा सचिवको योग्यता, काम, कर्तव्य, अधिकार तथा सेवाका अन्य शर्त प्रदेश कानूनबमोजिम हुने व्यवस्था रहेको छ।

सचिवालयमा प्रशासन तथा बैठक व्यवस्थापन महाशाखा र कानून तथा विधेयक महाशाखा गरी २ वटा महाशाखा छन् भने सोअन्तर्गत ८ वटा शाखा छन् । सचिवालयमा स्थायी र करार गरी हाल २६ जना कर्मचारी कार्यरत रहेका छन् ।

## कर्णाली प्रदेश सभा
## प्रदेश सभा सचिवालय

# संक्षिप्त परिचय

## २०७७




**प्रदेश सभा सचिवालय**

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

☎ ०८३-५२१५०८, URL: http://pga.karnali.gov.np

Email: karnalipradesh@gmail.com